# सामुदायिक भूमि तथा कृषि सुधार



## अभ्यास र कार्यान्वयन फ्रेमवर्क


CSRC
सामुदायिक आत्मनिर्भर सेवा केन्द्र

OXFAM
अक्सफाम नेपाल

राष्ट्रिय भूमि अधिकार मञ्च, नेपाल

प्रकाशक
**राष्ट्रिय भूमि अधिकार मञ्च, नेपाल**
**सामुदायिक आत्मनिर्भर सेवा केन्द्र**
**अक्सफाम नेपाल**

आभार
**ग्रामीण विकास समाज, राम्चे, सिन्धुपाल्चोक**
**जिल्ला भूमि अधिकार मञ्च, दाङ, महोत्तरी, सप्तरी, सुर्खेत र सिन्धुपाल्चोक**
**सोसाइटी वेलफेयर एक्सन नेपाल, दाङ**
**सामुदायिक भूमि सुधारको अभ्यासमा क्रियाशील अगुवा र अभियानकर्ताहरू**

सामग्री लेखनमा संलग्न समूह
**शम्भु सापकोटा, सुनिल चौधरी, राजकुमार बस्नेत, कोमल भट्टराई, जगत बस्नेत, जगत देउजा, महेन्द्रनारायण महतो, सुधा खडका, रोजी जोशी**

डिजाइन
**बिक्रम चन्द्र मजुमदार**
bmajumdar33@gmail.com

# सामुदायिक भूमि तथा कृषि सुधार



## अभ्यास र कार्यान्वयन फ्रेमवर्क

# ध्यान दिनुपर्ने कुरा

- यो पुस्तिकालाई निर्देशिकाका रूपमा नलिई सन्दर्भ सामग्रीका रूपमा लिनुपर्नेछ ।
- सामुदायिक भूमि तथा कृषि सुधारको अभ्यास गर्नुपूर्व समुदायका बढीभन्दा बढी व्यक्तिलाई यस प्रक्रियाबारे जानकारी गराउनुपर्छ । यसका लागि यो पुस्तिका सहयोगी हुनसक्छ । यसलाई समूहमा पढेर छलफलमा ल्याउन सकिन्छ ।
- यो अभ्यास भूमिमा पहुँच नभएका र न्युन पहुँच भएका परिवारको भूमिलगायतका अन्य उत्पादनका स्रोत र साधनमा तत्काल पहुँच बढाई त्यसको प्रभावकारी उपयोग गरी खाद्य सुरक्षा सुनिश्चित गर्न केन्द्रित छ ।
- यो सामुदायिक तथा कृषि सुधार अभ्यास सहभागीमूलक प्रक्रियामा आधारित हुनुपर्छ । त्यसैले यस प्रक्रियामा समुदायको साथसाथै स्थानीय सरकार, सम्बन्धित सरकारी कार्यालय, राजनीतिक दललगायत सरोकार राख्ने व्यक्ति एवम् संस्था सबैको अहम् भूमिका हुन्छ । महिला, पुरुष, वृद्धवृद्धा, युवा सबैको सहभागिताले यो प्रक्रियालाई अझै बलियो बनाउँछ ।
- यससम्बन्धी कुनै पनि कार्यक्रम गर्दा वा निर्णय लिँदा पारदर्शिता अपनाउनुपर्छ । सबैलाई थाहा दिनुपर्छ । बैठक वा भेलामा सबैको सहभागितामा के गर्ने, कसरी गर्ने भनेर छलफल र निर्णय गर्नुपर्छ । निर्णयमा सबैलाई चित्त बुझ्नुपर्छ ।
- सबैलाई विचार राख्ने अवसर दिनुपर्छ । सबैको विचारलाई सम्मान गर्नुपर्छ ।
- यस प्रक्रियाको क्रममा समूह/समुदायमा विवाद केही आइपर्‍यो भने आपसी छलफल गरेर समझदारी गर्नुपर्छ ।
- यस कामका लागि आवश्यक सहजकर्ता छनौट गर्दा समुदायको अधिकारवाला समूह वा समितिमा छलफल गरी सहमतिमा छनौट गर्नुपर्छ । र, उसलाई सहयोग गर्ने वा कामको अनुगमन गर्ने काम स्वयम् समुदायले नै गर्नुपर्छ ।
- कुनै पनि उपलब्धिबारे समुदायलाई सूचित गर्नुपर्छ । आइपरेका समस्या वा अप्ठेरोलाई समुदायस्तरमा छलफल गरी समाधान निकाल्नुपर्छ ।
- कुनै पनि काम गर्दा वा निर्णय लिँदा आत्तिनु हुँदैन । धैर्यसाथ मिलीजुली हातेमालो गरी गहिरो तयारीका साथ अघि बढ्नुपर्छ ।

# पुस्तिकाबारे

खेतीपातीलाई जीविकाको दिगो स्रोत मानिन्छ। दिगो खेतीपातीका लागि भूमि स्रोतको संरक्षण र दिगो उपयोग हुनुपर्छ। भूमि स्रोतमा भूमिहीन, कृषि श्रमिक, किसान (महिला, पुरुष) को पहुँच र स्वामित्व महत्वपूर्ण हुन्छ। कठिन भूबनोट, सीमित भूमि र केन्द्रीकृत भूमि प्रशासनजस्ता चुनौती सामना गर्ने भूमि सुधारका विभिन्न विकल्पमा छलफल भइरहेका छन्।

सामुदायिक भूमि र कृषि सुधारको अवधारणा र अभ्यास यही विकल्पको खोजी हो। सामुदायिक भूमि तथा कृषि सुधारको अभ्यास २०६५ सालबाट सिन्धुपाल्चोकको राम्चे, महोत्तरीको लक्ष्मीनियाँ र दाङको गङ्गापरस्सपुरमा गरियो। जतिखेर कुनै खाका थिएन। यसबीचमा सुनसरीको हाँसपोसा र सप्तरीको हर्दियामा पनि अभ्यास गरियो। पछि सुर्खेतको सहारे, दैलेखको पादुका र डडेल्धुराको जोगबुढालगायत गाविसमा पनि विस्तार भयो।

यस क्रममा भएका सिकाइलाई निरन्तर समीक्षा गर्दै माझियो। अभिलेखन गरियो। प्रक्रियामा कार्यकर्तालगायत समुदायका सदस्य पनि सहभागी भए। यो अभ्यासलाई अन्य क्षेत्रमा पनि विस्तार गर्न माग भइरहेको र सिकाइलाई व्यवस्थित तरिकाले अभिलेखन गर्न आवश्यक रहेको हुँदा यो पुस्तिकाको आवश्यकता महसुस गरियो।

यसमा मूलतः सामुदायिक भूमि तथा कृषि सुधारका अवधारणा, औचित्य र कार्यान्वयन प्रक्रिया समेटिएका छन्। अहिलेसम्मको सिकाइले गाविसभित्र रहेको भूमि स्रोतको संरक्षण र उपयोगका माध्यमबाट गरिब समुदायको जीविकालाई सवल बनाउन यो अभ्यास महत्वपूर्ण हुने देखिएको छ। यो पुस्तिका सामुदायिक भूमि तथा कृषि सुधारको अभ्यासलाई आफ्ना क्षेत्रमा अभ्यासमा ल्याउन चाहने सरकारी एवम् गैरसरकारी निकाय र समुदायलाई उपयोगी हुनेछ।

यो फ्रेमवर्क छापिँदा यसको मूल श्रेय समुदाय र तिनका अगुवामा जान्छ जसले आफ्ना ज्ञान आफैँ उपयोग गरे, जो भूमिको सवालबाट वञ्चित जीवनलाई नयाँ अवसरमा बदल्न दिलैदेखि लागिपरे। यस अभ्यासमा नयाँ बाटो कोर्न सघाउने अभ्यासकर्ता एवम् सहजकर्ताहरुको मेहनत पनि कठिनपूर्ण थियो जसले अभ्यासका क्रममा आइपर्ने सम्पूर्ण चुनौती, बाधा, अड्चनलाई खुसीसाथ स्वीकार गरे। पृथ्वीको यही भूमिलाई स्वर्ग बनाउने उहाँहरुको प्रतिबद्धता र समर्पणका लागि जय भूमि।

- प्रकाशक

# विषय सूची


ध्यान दिनुपर्ने कुरा ४
पुस्तिकाबारे ५

## भाग १

### परिचय ७

१. १ पृष्ठभूमि ७
१. २ अवधारणा र औचित्य ७
१. ३ लक्ष्य र उद्देश्य ९
१.४ अपेक्षित नतिजा १०
१.५. अभ्यासका सीमितता १०

## भाग २

### सामुदायिक भूमि तथा कृषि सुधार अभ्यासका चरण ११

२.१ अधिकारवाला सचेतीकरण र सङ्गठन निर्माण ११
२.२ सहजकर्ता छनौट, विकास र परिचालन ११
२.३ सरोकारवालासँग सम्वाद र सचेतीकरण १२
२.४ गाविसस्तरीय सामुदायिक भूमि तथा कृषि सुधार समिति १२
२.५ परिवेश विश्लेषण १२
२.५.१ अध्ययन तथा विश्लेषण टोली निर्माण १३
२.५.२ तालिम १३
२.५.३ सूचना र तथ्य सङ्कलन १३
२.५.४ अध्ययन तथा विश्लेषणको दस्तावेज १३
२.५.५ परिवेश अध्ययन तथा विश्लेषणबाट प्राप्त जानकारी सार्वजनीकरण १३
२.६ भूमि तथा कृषि सुधार कार्ययोजना निर्माण १४
२.६.१ समुदाय छलफल र खाका टिपोट १४
२.६.२ वडा तथा गाविसस्तरीय योजना तर्जुमा १४
२.६.३ गाविसस्तरीय सर्वपक्षीय भेलामा योजना प्रस्तुति र अनुमोदन १५
२.६.४ योजनामा समर्थन र सहयोग जुटाउन समन्वय भेला १५
२.७ कार्ययोजना कार्यान्वयन १५
२.७.१ भूमि सिकाइ केन्द्र सञ्चालन १५
२.७.२ सामुदायिक भूमि सुधारका सवालगत क्षेत्रहरूका समूह निर्माण १५
२.७.२.१ भूमि अधिकार मञ्च गठन १५
२.७.२.२ कृषक समूह वा कृषि सहकारी निर्माण १६
२.७.२.३ भूउपयोग कार्यान्वयन समितिमा प्रतिनिधित्व वा दबाब समूह निर्माण १६
२.७.३ क्षमता अभिवृद्धि १६
२.७.४ सामुदायिक कोष निर्माण १६
२.७.५ विस्तृत कार्ययोजना १७
२.७.५.१ भू उपयोग, संरक्षण र विकास कार्यान्वयन १७
२.७.५.२ कृषि सुधारको कार्यान्वयन १७
२.८ अनुगमन तथा मूल्याङ्कन १८
२.९ अभिलेखन तथा प्रचारप्रसार १८

### अनुसूची २३

# भाग १

## परिचय

### १. १ पृष्ठभूमि

भूमि भनेको जल, जङ्गल जमिन तीनै कुराको सम्पूर्णता हो। यसले खाना, इन्धन मात्र हैन र मानवको पहिचान र सुरक्षा दिन्छ। अमूल्य यो स्रोतमा गरिब परिवारको पहुँच भने न्युन छ। श्रम हुनेसँग भूमिको पहुँच छैन भने भूमि हुनेहरू सबै आफैं श्रम र लगानी गर्दैनन्। कृषियोग्य जग्गा गैरकृषि क्षेत्रमा परिवर्तन हुँदैछ। भइरहेको भूमि बाँझो रहने अनि खाद्यान्न आयात गर्नुपर्ने स्थिति नमिल्दो छ। विभिन्न अध्ययनले २५-३५ प्रतिशत जमिन बाँझो रहेको तथ्याङ्क सार्वजनिक गरेका छन्। तर ४ लाख ८० हजार परिवार[१] सँग भूमिमा पहुँच छैन। खेती गरिरहेका ५१.६ प्रतिशत किसानसँग ०.५ हेक्टर (१५ कट्ठा) भन्दा कम जमिन छ। जग्गा कमाउन दिने र लिनेसम्बन्धी स्पष्ट नीतिगत व्यवस्था नभएकाले पनि जग्गा बाँझो रहने क्रम बढेर गइरहेको छ। केन्द्रीकृत भूमि प्रशासनले साना-साना भूमिसम्बन्धी समस्या समाधानमा पनि मन्त्रालय पुग्नुपर्ने बाध्यता छ।

समुदाय, वडा र गाविसमा भएका भूमिस्रोत पहिचान गरी सोको संरक्षण र गरिब समुदायले श्रम लगाई उपयोग गर्न सक्ने अवस्था भएमा खाद्य सुरक्षा बढ्छ। गरिबी घट्छ। गाउँलाई आत्मनिर्भरतातर्फ लैजान मद्दत गर्छ। यसका लागि भूमि सुधार भनेको राज्यले मात्र गर्ने भन्ने सोचाइ बदल्न आवश्यक छ। यो राज्य र समुदाय मिलेर गर्ने काम हो। भूमि सुधारका लागि समुदाय, स्थानीय निकाय र दलहरू आफैंले गर्ने तमाम जिम्मेवारी छन्। यसका लागि स्थानीय निकायको भूमिका बढाउन आवश्यक छ। नीतिगत तहमा कुनै योजना परिकल्पना गरिए पनि अभ्यास हुने भनेको समुदायमा हो। भूमिका ज्वलन्त सवालबाट प्रभावित ग्रामीण समुदायले भूमिको वास्तविक परिवेश पहिल्याइ योजनाबद्धरूपमा अभ्यास गर्न सके भने त्यसले सफलता पनि पाउँछ। यसले भूमि सुधारको सफल अभ्यास त हुन्छ नै उनीहरूको ज्ञान बढ्ने हुँदा किसानको हैसियत र पहिचान पनि स्थापित गराउँछ। समुदायलाई भूमिको संरक्षण र दिगो उपयोगमा जिम्मेवार बनाउन सकिन्छ।

खेतीयोग्य भूमि भूमिहीन, कृषि श्रमिक र किसानका पसिनाले भिजेको हुन्छ र कर्मले उब्जाउ बन्छ। उनीहरूको जीवन माटोमा गरेको निरन्तर कर्मबाट उम्रने ज्ञान र अनुभवले भरिएको छ। सत्य हो कि जुन क्षेत्रमा काम गरिन्छ त्यसैमा विचार र अनुभवको गहनता बढ्छ। अतः किसान समुदायसँग नै भूमिको अवस्था, उत्पादकत्व एवम् भूमि व्यवस्थापनमा गहिरो अनुभव र सिप हुन्छ। भूमि स्रोतको पहुँच र उपयोगका सवालमा समुदाय र स्थानीय निकायको भूमिका बढाई भूमि अधिकारबाट वञ्चितको भूमि स्रोतमा पहुँच बढाई जीविका र खाद्य सुरक्षा सुनिश्चित गर्न सामुदायिक भूमि तथा कृषि सुधारको पहल गरिएको हो। यसबाट खेर गइरहेको अथाह भूमि स्रोतको सदुपयोग र आत्मनिर्भर गाउँ निर्माणमा योगदान पुऱ्याउन सकिन्छ।

### १. २ अवधारणा र औचित्य

सामुदायिक भूमि तथा कृषि सुधार समुदाय, स्थानीय निकाय, सरकारी कार्यालय, राजनीतिक दल र नागरिक समूह एवम् संस्था मिलेर सहभागीमूलकतवरले स्थानीय तहमै भूमि र कृषि सुधारका लागि लिइने पहल हो। यसमा समुदाय, स्थानीय निकाय र सङ्घ/समूह मिलेर

---

१ बैज्ञानिक भूमि सुधारसम्बन्धी उच्चस्तरीय आयोगको प्रतिवेदन २०६६, नेपाल सरकार तथा भूमि सुधार मन्त्रालय



भूमि तथा कृषि परिवेशको विश्लेषण गर्छन् । परिवेशले ल्याएका समस्याको विकल्पमा छलफल र सहमति गर्छन् । अनि समाधानका लागि व्यावहारिक योजना बनाई कार्यान्वयनमा ल्याउँछन् ।

गाउँको भूमि र कृषि सुधारको अवस्था कस्तो छ ? बाँझो र खेर गइरहेको जमिनलाई कसरी उपयोगमा ल्याउने ? सार्वजनिक जग्गाको संरक्षण कसरी गर्ने ? कुन जग्गामा कस्तो खेती गर्ने ? आफैँ खेती गर्न नसक्ने जग्गालाई कसरी व्यवस्थापन गर्ने ? अनुत्पादक जमिनलाई कसरी उत्पादक बनाउने ? आदि विषयको छलफल र त्यसको समाधानका लागि सोही समुदायका किसान, स्थानीय निकायको अगुवाईमा गरिने अभ्यास नै सामुदायिक भूमि तथा कृषि सुधार हो । जुन प्रक्रियामा भूमिहीन, साना किसान र कृषि श्रमिकको सहभागिता सुनिश्चित गरिन्छ । यो किन पनि जरुरी छ भने भूमि तथा कृषि सुधारका असली कर्ताहरू स्वयम् भूमि अधिकारबाट वञ्चित र किसान नै हुन् । जसलाई स्थानीय निकायले संयोजन गर्छ ।

सामुदायिक भूमि सुधार केन्द्र नियन्त्रितभन्दा बढि प्रभावकारी र दिगो हुन्छ। वास्तवमा भूमि तथा कृषि सम्बन्धमा सही निर्णय लिन सक्ने व्यक्तिहरू भनेकै स्थानीय समुदायका सदस्य हुन् । सामुदायिक भूमि सुधार गाविस र त्यहाँका भूमि र कृषिमा जीविका अडेका समुदायको अगुवाइमा हुने कार्य हो । जसमा सम्बन्धित सरकारी कार्यालय, राजनीतिक दल र अन्य सरोकारवालाको सहभागिता र सहयोग रहन्छ ।

भौगोलिक र साँस्कृतिक विविधता भएको हाम्रो जस्तो मुलुकमा राष्ट्रिय फराकिलो खाकाभित्र समुदायको परिवेशमा आधारित भूमि र कृषि सुधारको अभ्यास नै बढी व्यावहारिक हुन्छ। गाउँ, टोल, वडा र गाविसको भूमिलगायतका प्राकृतिक स्रोतको अवस्था के छ ? ती स्रोतमा क-कसको जीविका अडेको छ ? यी सबै विषयको लगत स्थानीय निकायमा समुदायकै अग्रसरतामा मात्र सही तरिकाले राख्न सकिन्छ। र, यसलाई उपयोगमा ल्याउन सकिन्छ। केन्द्रीय तहबाट यी सबै कुराको मसिनो विवरण अद्यावधिक गरिरहनु व्यावहारिक हुँदैन ।

स्थानीय निकाय र समुदायको जिम्मेवारी बढाउन नसक्दा गाविसभित्र रहेको भूमि स्रोतको दिगो र प्रभावकारी उपयोग भइरहेको छैन। जग्गा बाँझो बसिरहेको छ। कृषियोग्य जग्गा गैरकृषि उपयोगमा गइरहेको छ। एकातिर जग्गा बाँझो र अनुत्पादक छन् भने सोही गाविसका भूमिहीन र सुकुम्बासीको भूमिमा पहुँच छैन। यस्ता समस्या सल्टाउने भनेको स्वयम् समुदाय र स्थानीय निकायले नै हो। सुकुम्बासी सङ्ख्या पहिचान गर्ने र ठम्याउने काम यही समुदाय र गाविसले मात्र गर्न सक्छन्। भूमि तथा कृषिसम्बन्धी तथ्य तथ्याङ्कहरू स्थानीय निकायमा अति सीमितमात्र उपलब्ध छन्। कृषिमा आधारित मुलुक भएकाले यीसम्बन्धी विवरण स्थानीय निकायमै हुनुपर्छ र तिनको विश्लेषण पनि त्यहीँ हुनुपर्छ।

जमिन हुनेहरू अन्य पेशामा संलग्न हुने क्रमसँगै गैरहाजिरी जमिन पनि बढ्दै गइरहेको छ। यस्तो गैरहाजिरी जग्गा के कसरी उपयोगमा ल्याउने भन्ने विषयमा पनि सामुदायिकस्तरमा छलफल गरेर निर्णय लिन सकिन्छ। खाद्य अभाव बढिरहेको छ। खाद्यान्न आयात आकासिँदो छ। तर उत्पादनका स्रोतको विषयमा बहस र अभ्यास कमजोर छ। स्रोत छ। श्रम छ तर कसले पहल लिने भन्ने बाटो नखुल्दा एकातिर बाँझो जमिन, अर्कोतिर भोको पेटको अवस्था छ। भूमि विकासमा लगानी कमजोर छ।

सामुदायिक भूमि सुधार वास्तवमै किसान आफैँ छलफल गरेर निर्णय गर्ने र त्यसलाई लागु गर्ने अभ्यास हो। भूमि तथा कृषि सम्बन्ध र समस्याको विश्लेषण, सम्बोधन र सहमति आफैँ गर्छन्। स्थानीय स्वायत्त शासन ऐन २०५५ र राष्ट्रिय भू-उपयोग नीति २०६९ ले सामुदायिक भूमि तथा कृषि सुधारका लागि आधार दिएका छन्।




सामुदायिक भूमि सुधारको अभ्यासले भूमि सुधारको प्रक्रियामा समुदायको अपनत्व बढाउँछ। अहिलेको एकोहोरो केन्द्रीकृत सोचाइ थोपर्ने प्रक्रियालाई फेर्दै लग्छ। भूमिलगायतका प्राकृतिक स्रोतको व्यवस्थापनमा लागेका व्यक्तिहरूको सिप र क्षमता अभिवृद्धि हुन्छ। स्थानीय निकायको चासो बढाउँछ। स्थानीय परिवेश र समुदायको आवश्यकता र ज्ञानमा आधारित योजना तय भई कार्यान्वयनमा आउँछ।

## १. ३ लक्ष्य र उद्देश्य

लक्ष्य : समुदायमा उपयोग नभएका वा हुन नसकेका भूमि स्रोतको दिगो उपयोगका माध्यमबाट भूमिहीन, महिला र साना किसानको आम्दानी र खाद्य सुरक्षा बढाई जीवनस्तरमा गुणात्मक सुधार ल्याउने।

### उद्देश्य :

- समुदाय तथा स्थानीय निकायमा कृषि तथा भूमि सुधारसम्बन्धी ज्ञान, सिप, क्षमता अभिवृद्धि गर्ने।
- भूमिहीन, महिला तथा साना किसानको सरकारी तथा निजी बाँझो जग्गामा पहुँच बढाई दिगो उपभोग तथा व्यवस्थापन गराउने।
- स्थानीय निकायमा भूमि तथा कृषि सुधारका लागि योजना र कार्यान्वयन गरी भूमि तथा कृषि सुधारमा योगदान पुऱ्याउने।
- स्थानीय समुदाय खासगरी भूमिहीन, महिला तथा साना किसानलाई सङ्गठित गरी क्षमता अभिवृद्धि गर्दै सरकारी तथा गैरसरकारी संस्थाको सेवामा पहुँच बढाउने।

## १.४ अपेक्षित नतिजा

- भूमि र कृषि सुधारको विषयमा समुदाय, गाविस र राजनीतिक दलको चासो र भूमिका बढेको हुनेछ।
- समुदाय, गाविस र राजनीतिक दलको सहभागितामा सामुदायिक भूमि तथा कृषि सुधार समिति निर्माण भई सहभागीमूलक, पारदर्शीतवरले परिचालित भएको हुन्छ।
- गाविसस्तरमा भूमि र कृषिसम्बन्धी परिवेश विश्लेषण भई रिपोर्ट तयार भएर उपयोगमा आउनेछ।
- समुदाय, वडा र गाविसस्तरमा अधिकारवाला सङ्गठन तयार भई सचेततवरले क्रियाशील भएका हुनेछन्।
- गाविसस्तरीय सामुदायिक भूमि तथा कृषि सुधारको योजना तयार भई समुदाय, गाविस र अन्य निकायसमेतको सहयोगमा कार्यान्वयन गरिएको हुन्छ।
- प्रयोगमा नआइरहेको बाँझो जमिन एवम् समुदायमा उपलब्ध क्षेत्रमा भूमिहीनको पहुँच बढी उपयोग भई आम्दानी एवम् खाद्य सुरक्षा बढ्नेछ।

## १.५. अभ्यासका सीमितता

यो अभ्यास गाविसस्तरमा मात्र केन्द्रित छ। गैरकृषि क्षेत्रका विषयलाई यसले समेट्दैन। यो अवधारणा अभ्यास भइरहेको छ तर पूर्ण भइसकेको छैन। यो अभ्यास भूमिहीन, महिला तथा साना किसानको गाविस र समुदायमा प्रयोगमा नरहेका निजी र सरकारी जग्गालगायतको प्राकृतिक स्रोत साधनमा पहुँच बढाउनमा केन्द्रित छ।

# भाग २

# सामुदायिक भूमि तथा कृषि सुधार अभ्यासका चरण

सामुदायिक भूमि तथा कृषि सुधार सहभागीमूलक प्रक्रियाबाट गरिने कार्य हो । सुरुको अवस्थामा समुदायलाई अभ्यासका प्रक्रिया र महत्वबारे मसिनोसँग बुझाउनुपर्छ । आवश्यकता भए पनि समुदायमा सकारात्मक वातावरण नहुँदा सामुदायिक भूमि सुधार अभ्यासले सफलता पाउन सक्दैन । भूमि स्रोत भएको तर प्रयोग प्रभावकारी नभई जमिन त्यत्तिकै रहेको, समुदाय र गाविसको अभ्यासप्रतिको चासो, राजनीतिक दलहरू भूमि सुधारप्रति सकारात्मक र सहकार्य गर्न रुचि राख्ने गाविसबाट यो अभ्यास सुरु गर्नु प्रभावकारी हुन्छ ।

## २.१ अधिकारवाला सचेतीकरण र सङ्गठन निर्माण

भूमि तथा कृषि सुधारका प्रत्यक्ष लाभग्राही भनेका भूमिहीन, महिला र साना किसान हुन् तर यिनीहरू सङ्गठित नभएका कारण आफ्ना अधिकार प्राप्तिमा पछि परिरहेका र सरोकारवालासम्म पहुँच नपुगेको अवस्था छ । यो अभ्यास सुरु गर्नु पहिले समुदाय वा वडा तहमा भूमिहीन, महिला तथा साना किसानलाई भूमि तथा कृषि सुधार एवम् सङ्गठनबारे बुझाइ गाउँ भूमि अधिकार मञ्च निर्माण गर्नुपर्छ ।

यसका लागि हरेक वडामा सुकुम्बासी, भूमिहीन, महिला तथा साना किसानको भेला गराई राष्ट्रिय भूमि अधिकार मञ्चको विधानमुताविक सङ्गठन बनाउन सकिन्छ । यो किन जरुरी छ भने सामुदायिक भूमि तथा कृषि सुधारले सबैलाई फाइदा पुग्ने भए पनि कमजोर वर्गलाई बढी लक्षित गरिएको हो । तर सङ्गठित शक्ति र सचेतीकरण पक्ष बलियो नबनाए यिनीहरूले परिवर्तनको लाभ पाउन नसक्ने अवस्था आउन सक्छ । अभ्यास सुरु गर्न लागिएको गाविसमा सङ्गठन पहिले नै बनिसकेका छन् भने त्यसैलाई सवल बनाउनुपर्छ र प्रक्रियामा सामेल गराउनुपर्छ ।

सङ्गठन निर्माण प्रक्रिया : अनुसूची १ मा उल्लेख छ ।

## २.२ सहजकर्ता छनौट, विकास र परिचालन

सामुदायिक भूमि सुधार अभ्यासलाई सहज बनाउन सहजकर्ता आवश्यक पर्छ किनकि यो काममा नियमित सहजीकरण चाहिन्छ । समुदायले स्वयम्सेवीरूपले दिने समय मात्र यसका लागि अपुग हुन्छ । सहजकर्ताको जिम्मेवारी मुख्यतः सामुदायिक भूमि सुधारको अवधारणा र यसको कार्यान्वयन विधि तथा प्रक्रियाबारे प्रष्ट व्याख्या गर्न र कार्यान्वयन गर्न सहयोग पुऱ्याउनु हो । कुनै बेला सहजकर्ताले आर्थिक, सामाजिक तथा राजनीतिक परिवेशका कारण उब्जन सक्ने असमझदारीलाई समेत मिलाउन भूमिका खेल्नुपर्ने हुन्छ । यसर्थ सहजकर्तामा कार्य क्षेत्र र अभियानका सबै सरोकारवाला, जस्तै- समुदाय, सरकारी निकाय तथा गैरसरकारी संस्थासँग समन्वय र सम्बन्ध सुमधुर राख्नसक्ने खुबी हुनु जरुरी छ ।

यस्तो सहजकर्ता छनौट गर्दा कम्तिमा एसएसली पास गरेको, सहभागीमूलक विधि र प्रक्रियाको अनुभवी, गाउँमा धेरैले स्वीकारेको, सामुदायिक परिचालनमा अनुभव भएको व्यक्ति छनौट गर्नुपर्छ । यसका लागि खुला र पारदर्शी प्रक्रिया अपनाउनुपर्छ । यस्तो सहजकर्तालाई भूमिहीन, महिला र किसान समुदायको भेलामा राखी उसको जिम्मेवारी र कर्तव्य पढीवाची समुदायले नै अनुगमन गर्नेगरी जिम्मेवारी दिनुपर्छ । उसको काम के हो र उसले त्यसवापत कोबाट के सहयोग पाउने भन्ने पनि प्रष्ट गर्नुपर्छ ।

सङ्गठन बनाउने, सहजीकरण गर्ने, समन्वय बढाउने, अभिलेखन गर्ने आदि सहजकर्ताको मुख्य काम हो । सहजकर्ता स्वयम् पनि समुदायको सदस्यको हैसियतले सामुदायिक भूमि तथा कृषि सुधारको अभ्यास गर्न लागिपर्नुपर्छ । उसको परिवार पनि यो प्रक्रियामा सामेल भएको हुनुपर्छ ।

सहजकर्ताको जिम्मेवारी : अनुसूची २ मा उल्लेख छ ।

## २.३ सरोकारवालासँग सम्वाद र सचेतीकरण

समुदाय, गाविस र भूमि तथा कृषि सुधारका क्षेत्रसँग सम्बन्धित सरोकारवालासँगको छलफल, भेटघाट, अभिमुखीकरण आदि कार्य नियमितरूपमा गर्नुपर्छ । यस्ता कार्य औपचारिक तथा अनौपचारिक दुवै हुन सक्छन् । मुख्यतया सहजकर्ताले समुदायमा रहेका राजनीतिक दल, सरकारी इकाइ, सामाजिक सङ्घ/संस्था, सामाजिक कार्यकर्ता, सञ्चारकर्मीहरूसँगको सम्बन्धलाई मजबुत र विश्वसनीय बनाउनुपर्छ । छलफल तथा अन्तरक्रिया भनेका नियमित प्रक्रिया हुन् तर औपचारिक निर्णय र प्रतिबद्धताका लागि औपचारिक बैठक तथा भेला गर्नुपर्ने हुन्छ । यस्ता भेलामा सम्बन्धित र प्रभावित सरोकारवालाको सहभागिता र संलग्नता अनिवार्य हुन्छ ।

यस्ता भेला तथा अन्तरक्रियामा सामुदायिक भूमि सुधारको अवधारणा र कार्यान्वयनबारे प्रस्तुति र छलफल गरिन्छन् । र, सरोकारवालाबाट सहयोग लिइन्छ । गाविसका प्रतिनिधि, सचिव, राजनीतिक दलका प्रतिनिधिलगायतका सरोकारवालासँग तयारीका साथ भेटघाट, औपचारिकरूपमा गाविसको आयोजनामा १ वा २ दिने अभिमुखीकरण, उपलब्ध अध्ययन सामग्री वितरण, अध्ययन भ्रमण आदि सचेतीकरणका लागि प्रभावकारी हुन्छन् । यसका लागि गाविस, इलाका र जिल्लास्तरका सरोकारवाला र तिनको सम्भावित भूमिका अनि सम्पर्क विवरण अद्यावधिक गरी राख्नुपर्छ ।

## २.४ गाविसस्तरीय सामुदायिक भूमि तथा कृषि सुधार समिति

समुदाय र गाविसस्तरमा सामुदायिक भूमि तथा कृषि सुधारको माहोल बनाउन, परिवेश विश्लेषण गर्न, परिवेशका आधारमा योजना बनाउन, विभिन्न निकायसँग समन्वय गरी सो योजना कार्यान्वयन गर्न/गराउन, भइरहेका कामको अनुगमन गर्न गाविसस्तरीय सामुदायिक भूमि तथा कृषि सुधार समिति गठन गर्नुपर्छ । यो समिति सम्बन्धित समुदाय र सरोकारवालाको औपचारिक भेलाबाट बनाइनुपर्छ । सो भेलामा मुख्यतः भूमिहीन, महिला, साना किसानका प्रतिनिधि गाविस जनप्रतिनिधि/सचिव, राजनीतिक दलका अगुवा कार्यकर्ता, कृषि, पशु, वन, भूमिसम्बन्धी सरकारी निकायका कर्मचारीलाई सहभागी गराइनुपर्छ । यस्तो समिति सबै सरोकारवालाको प्रतिनिधित्व भएको र घटीमा १३ र बढीमा १७ जनासम्म हुनु राम्रो हुन्छ ।

समिति बन्नुपहिले र बनिसकेपछि पनि अभिमुखीकरण कार्यक्रम गर्नुपर्ने हुन्छ । समिति बनिसकेपछि सामुदायिक भूमि तथा कृषि सुधार विषयमा सचेतीकरण गर्ने र गाविसको भूमि तथा कृषि परिवेश विषयमा अध्ययन गर्ने कार्यबाट समितिले काम सुरु गर्नुपर्छ । यो काम गर्नलाई गाविसको मात्र स्रोतले नभ्याउने भए सम्भावित सरकारी एवम् गैरसरकारी निकायसमेतको समन्वयमा गर्ने, सहयोग जुटाउने र यसका लागि भूमि तथा कृषि सुधार कोष खडा गर्नुपर्छ ।

समितिको संरचना र जिम्मेवारी : अनुसूची ३ मा उल्लेख छ ।

## २.५ परिवेश विश्लेषण

गाविसको भूमि तथा कृषि परिवेशसम्बन्धी गहिरा र विस्तृत सूचना र तथ्य उपलब्ध छैनन् । यसर्थ सामुदायिक भूमि तथा कृषि सुधार अभ्यास गरिने गाविसको भूमि र कृषिसँग सम्बन्धित तथ्य र तथ्याङ्क सङ्कलन र विश्लेषण गर्नुपर्ने हुन्छ । यस्तो काम स्वयम् समुदायकै अगुवाइमा हुन आवश्यक छ । समुदाय स्वयम्ले आफ्नो क्षेत्रका सवाल महसुस गर्न र ती सवाल समाधान गर्न आवश्यक तौरतरिका पनि यही प्रक्रियाबाट प्राप्त हुन्छ । समुदायको अपनत्व बढ्छ ।

परिवेश अध्ययन र विश्लेषण सहभागीमूलक विधि र प्रक्रियालाई आधार मानेर गर्नुपर्छ । परिवेश अध्ययन तथा विश्लेषणले भूमि सुधार अभ्यास गर्ने क्षेत्रको वस्तुगत अवस्था र त्यहाँको भूमिसम्बन्धी सवाललाई बाहिर ल्याउँछ । कुल क्षेत्रफल कति छ ? वन क्षेत्र कति छ ? कुल खेतीयोग्य जग्गा कति छ ? सिँचित जग्गा कति छ ? मोही कति ? दर्तावाल मोही कति, बेदर्तावाल मोही कति ? भूमिहीन कति ? जग्गाधनी कति ? हदबन्दीभन्दा बढी जग्गा हुने कति ? कृषि पेशामा आश्रित कति ? एक परिवारलाई कतिका दरले पुग्छ ? उक्त स्थानमा सरदर एक



परिवारलाई खानका लागि कति जमिन चाहिन्छ ? बाँझो जग्गा कति छ ? गैरहाजिरी जग्गा कति छ ? दलितको अवस्था के छ ? महिलाको अवस्था के छ ? ज्यालाको दर के छ ? गाविसमा भूमि तथा कृषिसम्बन्धी के के अन्याय तथा शोषण छन् ? शक्ति सम्बन्ध के/कस्तो छ ? भूमिसम्बन्धी अधिकारमा सुकुम्बासी, मोही, किसान र जमिनदारको परिभाषा र उनीहरूको अधिकारको किटानी स्थानीयरूपमा के/कसरी गरिएको छ ? आदि विषयमा गरिने परिवेश अध्ययन तथा विश्लेषण निम्न प्रक्रियाबाट गर्ने गरिन्छ :

## २.५.१ अध्ययन तथा विश्लेषण टोली निर्माण

गाविसभरिको भूमि तथा कृषि परिवेश अध्ययन तथा विश्लेषणको काम गर्न करिब ३ महिना लाग्छ। यसका लागि छरितो टोली आवश्यक पर्छ। यो टोलीमा समुदायका सदस्य नै हुनुपर्छ। यसका लागि गाविसस्तरीय सामुदायिक भूमि तथा कृषि सुधार समितिले वडा वा गाविसमा भेला राखी परिवेश अध्ययन किन गर्न लागिएको हो भन्ने जानकारी गराई एक वडाबाट १ महिला र १ पुरुष हुनेगरी अगुवा छनौट गरी परिवेश अध्ययन तथा विश्लेषण टोली बनाउनुपर्छ। यस टोलीमा अवसरबाट वञ्चित तथा विपन्न गरिब र दलितको उचित प्रतिनिधित्व हुनु आवश्यक छ। यस टोलीको परिचालन सामुदायिक सहजकर्ता र गाविस सचिवले गर्नेगरी मिलाउनुपर्छ।

## २.५.२ तालिम

परिवेश अध्ययन तथा विश्लेषण केही विधि र प्रक्रिया अपनाएर गरिन्छ। यसकारण यसबारे अध्ययन तथा विश्लेषण टोलीलाई ज्ञान र सिप आवश्यक पर्छ। यस अध्ययन टोलीलाई तालिम आवश्यक पर्छ जसमध्ये सहभागीमूलक विधि तथा प्रक्रिया, सामाजिक तथा स्रोत नक्शाङ्कन, चेकलिस्टको प्रयोग तरिकाबारे पोख्त बनाइनुपर्छ। र, नमुना अभ्यास गराएरमात्र समुदायमा काम थाल्नुपर्छ।

### २.५.३ सूचना र तथ्य सङ्कलन

तालिमपछि आ-आफ्नो वडाका सहभागीलाई चेकलिस्ट र प्रश्नावलीका आधारमा सूचना सङ्कलन गर्न लगाउनुपर्छ। अध्ययनको जिम्मेवारी खास टोलीलाई तोकिए पनि यस प्रक्रियामा समुदायको सहभागिता र संलग्नता हुने निश्चित गर्नुपर्छ। सामान्यतया सहभागीमूलक विधि र प्रक्रिया अपनाउँदा समुदायका सबै पक्षको सहभागिता हुन्छ। तोकिएको ढाँचामा सहभागीमूलकतवरबाट समुदायलाई महसुस हुनेगरी गर्नुपर्छ। एकोहोरो सूचना सङ्कलनमात्र यसको उद्देश्य हुनुहुँदैन।

यस अध्ययनबाट स्थलगत सूचना सङ्कलन गरिन्छ जसलाई प्राथमिक सूचना वा तथ्याङ्क भन्ने गरिन्छ। यही क्रममा गाविस, स्थानीय सरकारी इकाइ, जस्तै- वन, कृषि, स्वास्थ्य चौकीहरूमा उपलब्ध तथ्याङ्क तथा सूचना पनि सङ्कलन गर्नुपर्छ। यस्ता सूचना तथा तथ्याङ्कलाई द्वितीय सूचना भन्ने गरिन्छ जसको सङ्कलनका लागि सामुदायिक सहजकर्तालाई जिम्मेवारी दिइनु उपयुक्त हुन्छ।

### २.५.४ अध्ययन तथा विश्लेषणको दस्तावेज

परिवेश अध्ययनबाट प्राप्त सूचना समुदायको ज्ञान र अनुभवको भण्डार हो। यसका हरेक सूचनामा समुदायको स्वामित्व हुन्छ। समुदाय संलग्न भएको परिवेश अध्ययनले मात्र समुदायको अनुभव, सोचाइ र परिकल्पना व्यक्त गर्न सक्छ। अध्ययनका क्रममा प्राप्त सूचनालाई एकठ्ठा गरेर विश्लेषण गरी दस्तावेज तयार गर्नुपर्छ। यस काममा सामुदायिक सहजकर्ता वा लेखन सिप भएका व्यक्तिको अगुवाई हुनुपर्छ। यस्तो दस्तावेजका लागि एक खाका बनाइनुपर्छ। प्रतिवेदन तयार भइसकेपछि दस्तावेज समितिसमक्ष बुझाउनुपर्छ।

### २.५.५ परिवेश अध्ययन तथा विश्लेषणबाट प्राप्त जानकारी सार्वजनीकरण

परिवेश अध्ययन तथा विश्लेषण दस्तावेजमा सूचनाका साथै सवालसमेत समावेश गरिन्छन्। सूचना कहिलेकाहीँ असावधानीवश अपूरा, समुदायको मनसायभन्दा फरक पनि पर्न जान्छन्। यसैगरी सबै सूचना समुदायका सबै सदस्यलाई जानकारी नभएको पनि हुनसक्छ। यसर्थ परिवेश अध्ययन तथा विश्लेषण दस्तावेजका सूचना पुष्टि गर्न र समुदायमा जानकारी दिन भेला आयोजना गर्नुपर्छ। सो भेलामा समुदायमा सक्रिय राजनीतिक दलका प्रतिनिधि, गाविसका पदाधिकारी, वन, शिक्षा, कृषि प्रतिनिधिलगायत विपन्न तथा अवसरबाट वञ्चित गरिबहरूको उपस्थिति निश्चित गरिनुपर्छ। मूलतः यो काम गाविसको नेतृत्वमा हुनुपर्छ।

परिवेश विश्लेषणको खाका : अनुसूची ४ मा उल्लेख छ।

## २.६ भूमि तथा कृषि सुधार कार्ययोजना निर्माण

समुदायको अगुवाइमा गरिने भूमि तथा कृषि सुधारमा मुख्यतः भूमिहीन, महिला र साना किसानको पहुँच अभिवृद्धि, भूउपयोग, विकास तथा संरक्षण र कृषि सुधारका क्षेत्र समावेश हुन्छन्। यसर्थ गाविसस्तरीय भूमि तथा कृषि सुधार समितिले योजना खाका तयार गर्दा यी उल्लिखित क्षेत्रका सवाल सम्बोधन गर्नेगरी गर्नुपर्छ। यी तीन सवाल एकअर्कामा फरक देखिए पनि योजना खाका निर्माण र कार्यान्वयन धेरैजसो अवस्थामा सँगसँगै आउँछन् भन्नेमा ध्यान पुऱ्याउनुपर्छ। योजना बनाउँदा निम्न विषयमा विचार पुऱ्याउनुपर्छ :

- प्रत्येक समुदायमा भूमि र कृषि सुधारको अभ्यासबारे पर्याप्त छलफल भएको छ ? छलफलमा के कस्तो प्रतिक्रिया आयो ? कसले के भने ? त्यसको अभिलेखन प्रक्रिया के छ ?
- भूमि सुधारको के कस्तो योजना बन्यो ? कसले निर्णय लियो ? त्यो कार्यान्वयनका लागि जिम्मेवारी कसरी बाँडिएको छ ?
- के योजना बनाउँदा सहभागीमूलकतवरले बनाइएको हो ? सबैको अपनत्व छ ?
- योजना बनाउनुपूर्व भूमि, यसको महत्व, नीतिगत व्यवस्था आदि विषयमा प्रशस्त ज्ञान निर्माणको प्रक्रिया पूरा गरिएको छ ?

### २.६.१ समुदाय छलफल र खाका टिपोट

सामुदायिक भूमि सुधार सहजीकरण समितिले परिवेश अध्ययन तथा विश्लेषणबाट निस्केका विभिन्न सवालबारे टोल वा वडामा छलफल गराउनुपर्छ। यस छलफलमा समुदायका भूमि सुधारका सबै पक्ष जगाधनी, सुकुम्बासी, मोहीलगायत् भूमि समस्याबाट पीडित व्यक्ति तथा समूह, सामाजिक कार्यकर्ता, राजनीतिक कार्यकर्ता सहभागी गराइनुपर्छ। सो भेलामा अध्ययन प्रतिवेदनमा उल्लेख गरिएका भूमि तथा कृषि सुधारका सवालसँग सम्बन्धित सवाल सम्बोधन हुने योजना खाका तयार गर्नुपर्छ।

यस छलफललाई सवाल-सम्वोधन खाका फारामको आधारमा चलाउनु राम्रो हुन्छ। यसले छलफललाई व्यवस्थित सञ्चालन गर्न, सवालमा केन्द्रित हुन र सङ्कलन गर्न सहयोग पुऱ्याउँछ।

सवाल-सम्वोधन खाका फारामको नमुना यहाँ दिइएको छ :

**सवाल–सम्बोधन खाका फाराम**

गाविस/टोल/वडा ................................ भेला मिति : .........................

क्षेत्र : भूमिमा पहुँच अभिवृद्धि/भूउपयोग, विकास तथा संरक्षण/कृषि सुधार

| सवाल | समाधान गर्न गरिने क्रियाकलाप | आवश्यक स्रोत सामग्रीहरू/कागजात र प्रमाण | जिम्मेवारी |
|---|---|---|---|
| | | | |
| | | | |

टिपोट गर्नेको नाम : .............................................

## २.६.२ वडा तथा गाविसस्तरीय योजना तर्जुमा

सामुदायिक भूमि सुधार गरिने समुदायका सबै साना इकाइबाट सवाल सम्बोधन खाका एकत्रित गरेर एक समग्र सामुदायिक भूमि सुधार योजनाको खेस्रा गरिन्छ। यो खेस्रालाई अन्तिमीकरण गराउँदा सवाल समसामयिक वा यथार्थजनक भए/नभएको, सवाल प्राथमिकतामा राख्नुपर्ने वा नपर्ने, सवाललाई समुदाय र स्थानीय निकायले कार्यान्वयनमा ल्याउन सक्ने वा नसक्ने विषयमा छलफल गरी तयार पारिनुपर्छ।

यस्तो योजना बनाउँदा भूमिमा पहुँच बढाउने, भूउपयोगबारे सचेतीकरण गर्ने, भूसंरक्षणको अभियान थाल्ने, बाँझो जग्गाको उपयोग गर्ने, हैसियत बिग्रिएका जग्गालाई उत्पादनयोग्य बनाउने, जग्गा करारमा लिई खेती गर्ने, सहकारी खेती गर्ने आदि काम मुख्यरूपमा पर्छन्।

योजना निर्माण गर्दा सवाल प्राथमिकीकरण, लक्षित वर्ग पहिचान, सहयोगीहरूको किटानी आदि पक्षमा पनि ध्यान पुऱ्याउनुपर्छ। यस्तो योजना वार्षिक बनाउनु उपयुक्त हुन्छ। यसका लागि आवश्यकताअनुसार प्राविधिकको पनि सहयोग लिन सकिन्छ। तर यो योजना समितिको अगुवाइमा नै हुनुपर्छ। योजना निर्माणमा क्षमता अभिवृद्धि र कृषि सुधारका योजना पनि पर्नुपर्छ।

## २.६.३ गाविसस्तरीय सर्वपक्षीय भेलामा योजना प्रस्तुति र अनुमोदन

योजनाको मस्यौदालाई गाविसस्तरीय सर्वपक्षीय भेलामा प्रस्तुत गरिन्छ। यस भेलाका सहभागी समुदायका प्रतिनिधि, गाविस जनप्रतिनिधि/सचिव, राजनीतिक दलका अगुवा, कृषि, पशु, वन, भूमिसम्बन्धी सरकारी इकाइका प्रतिनिधि, भूमि अधिकार र कृषिसम्बन्धी कार्य गर्ने सङ्घ/संस्थाका प्रतिनिधि हुन्छन्। भेलाले समितिबाट प्रस्तुत मस्यौदा योजनामा व्यापक छलफल गर्छ, थपघट गर्न सक्छ र कार्यान्वयनका लागि अनुमोदन गर्छ।

## २.६.४ योजनामा समर्थन र सहयोग जुटाउन समन्वय भेला

योजना अनुमोदन भइसकेपछि उक्त योजना कार्यान्वयनका लागि सम्भावित सहयोगी निकाय पहिचान गरी तिनका प्रतिनिधिको बैठक राख्नुपर्छ। यस्तो बैठक गाविस कार्यालय वा आवश्यकताबमोजिम जिल्ला सदरमुकाममा पनि राख्न सकिनेछ। यस्तो बैठक वा भेलामा सामुदायिक भूमि तथा कृषि सुधारको योजना प्रस्तुत गरी सहभागी प्रतिनिधि एवम् प्रमुखहरूको प्रतिबद्धता र सुझाव लिइनेछ। यस्तो बैठक वा भेला प्रत्येक ६ महिनामा गर्नुपर्नेछ।

नमुना कार्ययोजना : अनुसूची ५ मा उल्लेख छ।

## २.७ कार्ययोजना कार्यान्वयन

समुदायले योजना स्वीकार गरेपछि यसको कार्यान्वयन प्रक्रिया आरम्भ हुन्छ।

### २.७.१ भूमि सिकाइ केन्द्र सञ्चालन

योजना कार्यान्वयनका लागि भूमिहीन, महिला र साना किसानलाई समेटेर वडावडामा भूमि सिकाइ केन्द्र सञ्चालन गर्नुपर्छ। यसो भएमा उनीहरूले समुदायको परिवेशमा आधारित सवालमा छलफल र सोसँग मिल्ने योजना कार्यान्वयनमा छलफल गरी त्यसअन्तर्गत रही विस्तृत कार्ययोजना बनाई कार्यान्वयनमा ल्याउन सक्छन्। यसका लागि सहजकर्ता, सन्दर्भ सामग्री र स्टेसनरी आदि आवश्यक हुन्छ।

### २.७.२ सामुदायिक भूमि सुधारका सवालगत क्षेत्रहरूका समूह निर्माण

योजना निर्माण चरणभर सक्रिय र सिकाइ केन्दबाट प्रशिक्षित अगुवाहरूलाई समावेश गरेर सामुदायिक भूमि सुधारका तीन क्षेत्रका बेग्लाबेग्लै समूह निर्माण गरिन्छ। ती समूह वा मञ्चमा भूमि सुधारसम्बन्धी प्रतिबद्ध र समुदायका सक्रिय अगुवा समावेश गर्नुपर्छ।

#### २.७.२.१ भूमि अधिकार मञ्च गठन

भूमि अधिकार मञ्च निर्माण भूमि अधिकार प्राप्तिका लागि गरिन्छ। यो सवालगत भूमि अधिकारबाट बञ्चितहरूको भेलाबाट निर्माण गरिन्छ। यसको आफ्नै विधान छ। यसको मुख्य काम भूमिमा भूमिहीन, महिला र साना किसानको पहुँच बढाउन सक्रिय पहलकदमी लिनु हो।

#### २.७.२.२ कृषक समूह वा कृषि सहकारी निर्माण

भूमि तथा कृषि सुधार सिकाइ केन्द्र सञ्चालन गर्ने क्रममा खेतीपातीमा संलग्न व्यक्तिहरूको विवरण तयार हुन्छ। यसै सूचनाका आधारमा समुदायका स-साना इकाइ, जस्तै- टोल वा वडामा कृषक समूह निर्माण गरिन्छ। यसलाई कृषि विकास कार्यालयमा दर्ता गराइन्छ। समुदायका कृषक समूहहरूको संस्थागत तथा व्यक्तिगत क्षमता अभिवृद्धि भएपछि गाविस वा समुदायस्तरको कृषि सहकारी स्थापना गर्न सकिन्छ। कृषि सहकारीको दर्ता नजिकको क्षेत्रीय सहकारी कार्यालयमा गर्न सकिन्छ।

#### २.७.२.३ भूउपयोग कार्यान्वयन समितिमा प्रतिनिधित्व वा दबाब समूह निर्माण

नेपाल सरकारले भूमि व्यवस्थापन गर्नका लागि राष्ट्रिय भूउपयोग नीति २०६९ तर्जुमा गरेको छ। जसमा जिल्ला विकास समिति, नगरपालिका, गाउँ विकास समितिस्तरीय भूउपयोग कार्यान्वयन समिति जस्ता स्थानीय संरचना गठन गर्ने व्यवस्था छ। ती समितिले आफ्नो कार्यक्षेत्रभित्र भूउपयोग योजना तर्जुमा गर्ने भएकाले त्यसमा समुदायको संलग्नता र सक्रिय सहभागिता हुनुपर्छ। त्यस्तै स्वायत्त साहान ऐन २०५५ ले गाविसमा कृषि, वन र वातावरण समिति बनाउनु पर्ने व्याख्या गरेको छ। यस्तो समितिमा प्रतिनिधित्व वा मिलेर काम गर्न सकिन्छ।

### २.७.३ क्षमता अभिवृद्धि

कुनै पनि कार्यक्रम सञ्चालन गर्नका लागि संस्थागत क्षमता हुनुपर्छ। संस्थामा केही स्रोत साधन हुनुपर्छ। यसैगरी ज्ञान र सिप भएका जनशक्ति पनि आवश्यक पर्छ। सामुदायिक भूमि सुधार अभ्यास खासगरी समुदायको अगुवाइमा ज्ञान र सिपका आधारमा चलाइने अभियान हो। यसकारण समुदाय खासगरी अगुवाहरूको क्षमता अभिवृद्धिका लागि योजनाको सुरुवाती चरणदेखि नै निम्न तालिम तथा अध्ययन सञ्चालन गर्नुपर्ने हुन्छ।

- सहभागिमूलक ग्रामीण लेखाजोगा (पिआरए) तालिम
- दिगो खेतीपाती

- भू नीति तथा कानुनी तालिम
- भूमिसम्बन्धी द्वन्द्व रूपान्तरण तालिम
- वकालत सिप अभिवृद्धि तालिम
- सहकारी व्यवस्थापन तालिम
- कृषि वन तालिम
- जैविक मल तथा विषादी व्यवस्थापन तालिम
- व्यावसायिक कृषि योजना तर्जुमा तालिम
- सङ्गठन सवलीकरण तालिम
- भूमि व्यवस्थापन तथा तरकारी खेती तालिम

## २.७.४ सामुदायिक कोष निर्माण

सामुदायिक भूमि तथा कृषि सुधार कार्यका लागि समुदायको योगदान अवश्य चाहिन्छ। यसबाहेक गाविसले पनि प्राथमिकतामा राखी बजेट छुट्याउनुपर्छ। यतिले मात्र पुग्दैन। मूलतः भूमि विकास र सिँचाइमा चाहिने बजेटको आकार ठूलो हुन सक्छ। यसर्थ यस्तो कार्यका लागि गाविसअन्तर्गत भूमि तथा कृषि सुधार कोष निर्माण गरी योजनामा सघाउन चाहनेको सहयोग उक्त कोषमा जम्मा गरी प्राथमिकताका आधारमा योजना सञ्चालन गर्नका लागि उक्त बजेट उपयोगमा ल्याउन सकिन्छ।

## २.७.५ विस्तृत कार्ययोजना

कार्यान्वयन प्रक्रिया अगाडि बढाउन सुक्ष्म कार्य शृङ्खला नै विस्तृत कार्ययोजना हो। यस्तो कार्ययोजना प्रकृति हेरी वार्षिक योजनाको आधारमा अर्धवार्षिक, त्रैमासिक र मासिक हुनसक्छ। यो तीन वटै कार्यक्षेत्र छुट्टिने गरी तयार गरिनुपर्छ।

### २.७.५.१ भू उपयोग, संरक्षण र विकास कार्यान्वयन

यस क्षेत्रमा मुख्यतः विपन्न परिवारलाई जग्गा उपलब्धता, बाँझो जग्गाको विकास, अव्यवस्थित तथा असुरक्षित बसोबास नियन्त्रण एवम् व्यवस्थापन, कृषियोग्य जमिनको सुरक्षा, सार्वजनिक जमिनको सुरक्षा र संरक्षण, नदी कटान उकास तथा तटबन्ध जस्ता सवाल सम्बोधन गर्ने प्रयास गरिन्छन्। यसका लागि निम्न क्रियाकलाप गर्न सकिन्छ :

- गरिबलाई निश्चित मापदण्डअनुसार जग्गामा पहुँच बढाउन पहल गर्ने।
- बाँझो जग्गालाई खेतीयोग्य बनाउने।
- अव्यवस्थित तथा असुरक्षित बसोबास नियन्त्रण एवम् व्यवस्थापनका लागि सरकारी निकायलाई सजग गराउने, आवश्यक पहलकदमी लिन योजना पेश गर्ने र कार्यान्वयन गर्ने वा सहयोग गर्ने।
- भूमि संरक्षणका लागि जिल्ला भू संरक्षण कार्यालय, वन कार्यालय, नापी शाखा, कृषि शाखा, जिल्ला पशु र जिल्ला मालपोत तथा सरोकारावाला सङ्घ/संस्थासँग समन्वय राखी आवश्यक सहयोग जुटाउने।
- सार्वजनिक जमिनको सुरक्षा र संरक्षण गर्न जनचेतना जगाउने।
- नदी कटान उकास तथा तटबन्ध गरी आवश्यकताअनुसार खेतीयोग्य, बसोबास बनाउन प्रयास गर्ने।
- भू उपयोग, संरक्षण र विकासका लागि गाविसको बजेट वृद्धिमा साथ दिने र सो विषयमा पहुँच बढाउने।
- सवालगत जनसङ्गठन निर्माण र भूमि अधिकार तथा कृषि शिक्षा सिकाइ केन्द्र सञ्चालन गर्ने।
- प्रमाण सङ्कलन, लिखत, कागजात, निवेदन तयार गर्ने अधिकारको दाबी गर्ने।
- अगुवा अभियानकर्तामा क्षमता अभिवृद्धिका लागि तालिम प्रशिक्षण आदि सञ्चालन गर्ने।

- भू उपयोगको चित्र, बस्ती, खेती साट्ने, जग्गा साटासाट... कृषि सहकारी, जोनिङको विषयमा छलफल, अनुभवी ल्याउने, प्राविधिक अध्ययन गर्ने, खेर गइरहेको जमिनको सदुपयोगको सुरुवात, घर बनाउँदा, जग्गा किन्नेले गाविस सिफारिस लिने आदि कार्य गर्ने ।

### २.७.५.२ कृषि सुधारको कार्यान्वयन

सामुदायिक भूमि सुधार अभ्यासभित्र कृषि सुधार योजनाले मुख्यतः सरल सिँचाइ, बीउविजनको आदान-प्रदान, चक्रीय बालीको अभ्यास, कृषि सहकारी स्थापना र व्यवस्थापन, कृषि सुधारसम्बन्धी ज्ञान र सिप आदान-प्रदान तथा तालिममा बढी जोड दिएको छ । यसर्थ भूमि सुधार अभ्यास योजनाको खाका निर्माण अवस्थादेखि नै यसको परिकल्पना गरिएको हुन्छ । कृषि सुधार योजना कार्यान्वयनलाई निम्न प्रक्रियाबाट अघि बढाउन सकिन्छ :

- सवालकेन्द्रित सङ्गठन एवम् भूमि तथा कृषि सुधार सिकाइ केन्द्रअन्तर्गत खेतीपातीमा संलग्न अभ्यासकर्ताको विवरण तयार गर्ने ।
- समुदायका कृषक भेला गराई कृषक समूह निर्माण गर्ने । सो समूहलाई कृषि विकास कार्यालयमा दर्ता गराएमा त्यस इकाइबाट प्राविधिक सहयोग तथा सल्लाह लिने बाटो खुल्छ ।
- जमिनको सँधियार छिमेकीहरूको सामूहिक भेला गरी चक्ला अभ्यासको आधार खोजी गर्ने ।
- कृषिमा काम गरिरहेकाहरूको कृषि अभ्यासको स्थिति पत्ता लगाई व्यावसायिक चाहना र धारणाको विवरण तयार पारी आवश्यक सिप, क्षमता र प्रविधिहरूको प्राथमिकता निर्धारण गर्ने ।
- प्राथमिकताका आधारमा आवश्यक सिप, क्षमता विकास, प्रविधिसँग सम्बन्धित तालिम गोष्ठी आदि कार्यक्रम सरोकारवाला निकायमा प्रस्ताव तथा सञ्चालन गर्ने
- जैविक मल र जैविक विषादी प्रयोग गरी स्थानीय अर्गानिक उत्पादनलाई जोड दिने
- सरल सिँचाइ, स्थानीय प्रविधि र सरल प्रशोधनमा आधारित प्रविधिहरूलाई प्राथमिकता दिने ।
- कृषक समूह वा कृषि सहकारीमार्फत् कृषि प्रविधि, बजार व्यवस्थापन, कृषि सामग्रीहरूको समुचित व्यवस्था गर्ने ।
- खेर गइरहेको जग्गाको खोजी र भूमिहीन सङ्गठनबाट उपयोग (२, ३ वटा क्षेत्र तय गरी केही सुरु गरिहाल्ने) माछा खेती, तरकारी, फलफूल... आदि ।

## २.८ अनुगमन तथा मूल्याङ्कन

तीन तीन महिनामा समीक्षा गरी त्यसको अभिलेखन गर्नुपर्नेछ । यसमा समुदायका अगुवाका साथै समुदायमा सक्रिय राजनीतिक दलका प्रतिनिधि पनि सामेल गराइनुपर्छ । अनुगमन तथा मूल्याङ्कनको मुख्य जिम्मेवारी समितिको हुनेछ ।

## २.९ अभिलेखन तथा प्रचारप्रसार

सामुदायिक भूमि सुधार अभ्यासमा हरेक बैठक तथा छलफलका निर्णय र निष्कर्षका टिपोटलाई निश्चित ढाँचामा उतार गरी राख्नुपर्छ । यसैगरी सामुदायिक सहजकर्ताहरूले निश्चित समयावधिमा आफूले गरेका कार्यको प्रगति र अवस्था अभिलेखन गर्नुपर्छ । यी अभिलेखनको उचित प्रचारप्रसार पनि हुनुपर्छ ।

## अनुसूची : १ – सङ्गठन निर्माण प्रक्रिया

राष्ट्रिय भूमि अधिकार मञ्चको विधान, २०६४ बाट (परिच्छेद ५)

### १५. गाउँ टोल मञ्च (आधार सङ्गठन) को गठन विधि

(क) कुनै पनि मिल्दो भौगोलिक समुदायका भूमि अधिकारवाट वञ्चितहरूको भेलाले गाउँ टोल समिति निर्माण गर्नेछ। यस्तो समितिमा गाउँका सबै बञ्चित समेटिनु पर्नेछ।

(ख) सङ्गठन र कामलाई संयोजन गर्न घटीमा ५ र बढीमा ९ जनासम्मको संयोजन समिति बनाउन सकिनेछ। समितिमा अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र बाँकी सदस्य हुनेछन्। बैठकमा आउन अन्य सबै सदस्यलाई प्रोत्साहित गरिनेछ।

(ग) आफ्नो समुदायको अवस्था विश्लेषण गर्ने, आफ्नो क्षेत्रको भूमि सुधार र रूपान्तरणको चित्र तयार पार्ने, योजनाहरू निर्माण गर्ने, कार्यान्वयन गर्ने, स्थानीयस्तरको स्रोत तथा साधनमा पहुँच बढाउने, अधिकार हननका घटनाविरुद्ध सङ्गठितरूपमा जुट्ने, सङ्गठनका सदस्यको आधारभूत मानवीय आवश्यकता पूरा गर्न आवश्यक अभियान गर्ने आदि मुख्य काम हुनेछन्।

## अनुसूची : २ – सहजकर्ताको जिम्मेवारी

| | |
|---|---|
| पदको उद्देश्य र भूमिका : | .... गाविसमा सुरु गरिएको सामुदायिक भूमि तथा कृषि सुधारको अभ्यासलाई प्रभावकारी ढङ्गले संयोजन र सहजीकरण गर्न सहजकर्ताको व्यवस्था गरिएको हो। गाविसको भूमि तथा कृषि परिवेशको अध्ययन, अगुवाहरूको क्षमता अभिवृद्धि गर्ने, गाउँ भूमि अधिकार मञ्चको सवलीकरण गर्ने, कार्ययोजना निर्माण र प्रभावकारी कार्यान्वयन गर्ने, स्थानीय स्रोतको खोजी र उपयोग गर्न सघाउने, सरकारी निकाय, गैसस, नागरिक समाजका अगुवा, बुद्धिजीवी र भूमि अधिकार आन्दोलनका व्यक्तिहरूसँग सम्बन्ध विस्तार गरी सामुदायिक भूमि तथा कृषि सुधारको लक्ष्य र उद्देश्य हासिल गर्न सामुदायिक सहजकर्ताले भूमिका निर्वाह गर्नुपर्नेछ। |
| मुख्य जिम्मेवारी र कार्यक्षेत्र | • तयार पारिएको चेकलिस्ट र प्रश्नावलीका आधारमा गाविसको परिवेश अध्ययन तथा विश्लेषण गर्ने कार्यको समग्र व्यवस्थापन गर्ने।<br>• अध्ययन तथा विश्लेषणका आधारमा समुदायमा छलफल गरी विकल्प र कार्ययोजना बनाउने कार्यको सहजीकरण गर्ने।<br>• तयार पारिएको योजना कार्यान्वयन गराउन समुदाय र समितिलाई मद्दत गर्ने।<br>• अभ्यासका लागि आवश्यक स्रोतको खोजी र व्यवस्थापन गर्न समितिलाई सघाउने।<br>• सञ्चालित योजनाको सहभागीमूलक समीक्षा गरी अभिलेखन गर्ने, उठेका मुद्दालाई सही ढङ्गले सम्बोधन गर्न सहयोग गर्ने।<br>• सरोकारवाला निकाय (भूमि सुधार, मालपोत कार्यालय...), भूमि अधिकार अभियान गरिरहेका संस्था, नागरिक समाज, पत्रकार, राजनीतिक दल र किसान सङ्घ। सङ्गठनसँग सम्बन्ध बिस्तार गर्ने।<br>• गाउँ भूमि अधिकार मञ्च, कृषक समूह र सहकारीमा नियमित भ्रमण गरी योजना गरिएअनुसार काम सम्पन्न भए/नभएकोबारे नियमित अनुगमन गर्ने र तोकिएको समयमा प्रभावकारी ढङ्गले सम्पन्न गराउन सहयोग गर्ने।<br>• अगुवाहरूको क्षमता अभिवृद्धिका लागि भूमि सिकाई केन्द्र अगुवा भेला, प्रशिक्षण शिविर र तालिमको सहजीकरण गर्ने।<br>• अगुवाहरूसँग व्यक्तिगत भेटघाट गरी पारिवारिक र वैचारिक छलफल गर्ने।<br>• मासिक, त्रैमासिक, वार्षिक, प्रगति प्रतिवेदन तोकिएको समयमा तयार पारी मञ्चमा बुझाउने।<br>• सामुदायिक भूमि तथा कृषि सुधारका अभ्यास आफ्नो परिवारमा पनि गर्ने। |

### अनुसूची : ३ – समितिको संरचना र जिम्मेवारी (प्रस्तावित)

समिति गठन : गाविसस्तरीय सामुदायिक भूमि तथा कृषि सुधार समितिको गठन विधि यसप्रकार छ :

| | | |
|---|---|---|
| (क) | गाविस अध्यक्ष | - अध्यक्ष |
| (ख) | गाविस उपाध्यक्ष | - सदस्य |
| (ग) | ९ वडाका प्रतिनिधि | - सदस्य (कम्तिमा ४ महिला) |
| (घ) | गाविसमा कार्यालय रहेका सरकारी निकायका प्रतिनिधि | - सदस्य (बढीमा ३ जना) |
| (ङ) | सामुदायिक सहजकर्ता | - सदस्य |
| (च) | गाविस सचिव | - सदस्य सचिव |

समितिको बैठकमा उद्देश्यसँग काम गर्ने अनुभवी व्यक्ति वा सान्दर्भिक संस्थालाई आवश्यकताअनुसार आमन्त्रण गर्न सकिनेछ ।

### समितिको काम, कर्तव्य र अधिकार

- गाविसको भूमि र कृषि सुधारसँग सम्बन्धित परिवेश अध्ययन गरी प्रतिवेदन तयार गरी उपयोगमा ल्याउने साथै त्यसलाई समय-समयमा अद्यावधिक गर्ने ।
- स्थानीय निकायमा भूमि र कृषिसम्बन्धी लगत राख्ने भरपर्दो व्यवस्था मिलाउने ।
- भूमि तथा कृषि सुधारको अल्पकालीन र दीर्घकालीन योजना बनाई कार्यान्वयन गर्ने । यस्तो कार्ययोजना बनाउँदा खाद्य सुरक्षा, दिगो कृषि र भूमि सुधारका पक्षमा जोड दिने ।
- सामुदायिक भूमि तथा कृषि सुधारका लागि आवश्यक आर्थिक तथा मानवीय स्रोतको प्रबन्ध गर्ने ।
- बाँझो र खेर गइरहेको जग्गामा भूमिहीन, महिला र साना किसानको पहुँच बढाउने कार्य गर्ने ।
- वन क्षेत्र, ऐलानी, पर्तीलगायत सरकारी जग्गामा कृषि उद्यम सञ्चालन गर्न उपयुक्त व्यवस्था गर्ने ।
- सामुदायिक भूमि तथा कृषि सुधारको काम आफ्नो क्षमताबाट गर्न नसक्ने अवस्थामा अन्य निकायलाई सिफारिश गर्ने ।

### अनुसूची : ४ – परिवेश विश्लेषणको खाका

### विषय सूची

शब्दको सङ्क्षिप्त प्रयोग

शब्दाबलीहरू

भू-मापन इकाइ

प्रतिवेदनको सार सङ्क्षेप

## अध्याय : एक

१. परिचय

१.१ पृष्ठभूमि

१.२ उद्देश्य

१.३ अध्ययनको ढाँचा, प्रक्रिया र विधि

१.४ अध्ययन प्रतिवेदनको संरचना

१.५ अध्ययनको दायरा र सीमा

# अध्याय : दुई

२.१ गाविसको परिचय

२.२ घर परिवार तथा जनसङ्ख्या विवरण (वडागत)

२.३ जातजातिको विवरण

२.४ उमेरको आधारमा जनसङ्ख्या

२.५ वैवाहिक अवस्थाको आधारमा जनसङ्ख्या

२.६ धर्मका आधारमा जनसङ्ख्या

२.७ महिला मूली घर

२.८ महिलाको भूमिका र स्थान (परिवार र समुदायमा)

२.९ शिक्षा र साक्षरताको अवस्था

२.१० घरका प्रकार

२.११ गाविसमा उपलब्ध सेवा र उपभोगमा पहुँच

२.१२ पिउने पानीको स्रोतमा पहुँच र स्वामित्व

२.१३ खाना पकाउने इन्धन

२.१४ बत्तीको स्रोत

२.१५ शौचालय सुविधा

२.१६ स्थानीय शक्ति संरचना

# अध्याय : तीन

## आर्थिक अवस्था

३.१ भूस्वामित्वको अवस्था (जातिगत आधारमा)

३.२ जीविकोपार्जनका उपाय

- ३.२.१ कृषि (आफ्नो जमिनमा काम गर्ने, कृषि श्रमिक)
- ३.२.२ रोजगारी
- ३.२.३ रोजगारीका लागि बसाइँसराई
- ३.२.४ पशुपालन, माछा मार्ने, सिकार गर्ने
- ३.२.५ ऋण
- ३.२.६ अनौपचारिक आर्थिक क्रियाकलाप

३.३ घरेलु साधन र स्वामित्वको अवस्था

३.४ खाद्यान्न पर्याप्तताको अवस्था, अपुग खाद्य व्यवस्थापन र निर्वाहको रणनीति

# अध्याय : चार

## भूस्वामित्व, कृषिको अवस्था

४.१ गाविसको क्षेत्रफल र भूउपयोग तथा प्राकृतिक स्रोतको अवस्था

४.२ घर जग्गाको स्वामित्व (दर्ता, बेदर्ता)

४.३ जातजाति र जग्गाको वितरण

४.४ सुकुम्बासी, ऐलानी जग्गा उपभोग गर्ने, दर्तावाल मोही, अधिया/बट्टैया, हलिया, गुठी (वडागत)

४.५ महिलाको भूमि स्वामित्व

४.६ श्रम शक्तिको चाँजोपाँजो

४.७ जमिनको खरिद बिक्री र स्वामित्व हस्तान्तरण (पछिल्ला १० वर्षमा जमिन खरिद बिक्री)

४.८ बसाइँसराई

४.९ कृषियोग्य जमिनका प्रकार र उपयोगको अवस्था

४.१० मुख्य बालीनाली

४.११ उत्पादनको अवस्था

४.१२ उत्पादन सम्बन्ध

४.१३ खेती प्रणाली र तिनमा आएको परिवर्तन

४.१४ कृषि प्रविधि, ज्ञानको उपलब्धता र पहुँच

४.१५ भूउपयोग र कृषि उत्पादनमा सुधारका लागि स्थानीय मत

४.१६ सामुदायिक भूमि सुधारका सम्भावना

# अध्याय : पाँच

## अध्ययनको सार, सुझाव र रणनीति

५.१ अध्ययनको सार

५.२ सुझाव

५.३ कार्यक्रम र रणनीति

भूमिहीन

मोही

साना किसान

ठूला किसान

महिला किसान

५.५ अध्ययनका सिकाइ

## अनुसूची

अनुसूची : १ घर परिवार सर्वेक्षण/सर्वेक्षण प्रश्नावली

अनुसूची : २ वडागत विवरण

सन्दर्भ सूची

## अनुसूची : ५ - नमुना कार्ययोजना

| क्र.सं. | क्रियाकलाप | परिमाण | अवधि | स्थान | आन्तरिक स्रोत | बाह्य स्रोत र सम्भावित सहयोगी |
|---|---|---|---|---|---|---|
| १ | जग्गामा भूमिहीनको पहुँच वृद्धिका लागि बाँझो जग्गाको खोजी र उपयोग | ४० परिवार | साउन-असोज | वडा नं. ४ | ५००० | ७०००० भूसंरक्षण कार्यालय |
| २ | भूउपयोग नीतिको विषयमा अगुवालाई अभिमुखीकरण | ३० जना २ दिन | कात्तिक पहिलो हप्ता | गाविस भवन | १०००० | १५,००० जिल्ला भूमि अधिकार मञ्च |
| ३ | जोतभोग तथा बसोबास प्रमाणपत्र लिने | ४०७ जना | मङ्सिर-माघ | गाविसभरका भूमिहीन तथा मोही | ५००० | गाविस |

## अनुसूची : ६ - विगतको अभ्यास

### सफल सामुदायिक भूमि सुधार

**परिवेश विश्लेषण** : ८ जिल्लाको १४ गाविसको भूमि तथा कृषि सुधारको परिवेश विश्लेषण भूमिहीन र किसानको सहभागितामा गरी गाविसमा भएको भूमि, भूमि अधिकारबाट वञ्चित किसान, भूमि भएका तर खेती नगर्नेको नक्शाङ्कन र लगत तयार पारी उपयोगमा ल्याइएको छ। यसले भूमि र कृषि सुधारको यथार्थ अवस्था बुझ्न मद्दत गरेको छ। प्रक्रियामा सामेल सबैको भूमि र कृषि सुधारबारेको ज्ञान बढेको छ।

**स्थानीय निकायमा लगत** : भूमि अधिकारबाट वञ्चित भूमिहीन, मोही, अरूको जग्गा कमाउने आदिको लगत गाविसमा राजनीतिक दलसमेतको उपस्थितिमा प्रमाीणित गरी राखिएको छ। यस्तो लगतका कारण बेदर्तावाल मोहीलाई बेदखली गर्ने क्रम रोकिएको छ। साथै वास्तविक भूमि अधिकारबाट वञ्चित अधिकारबाट नछुट्ने र छद्म परिवारले जग्गा लिनसक्ने अवस्था अन्त्य भएको छ। यही लगतका आधारमा जोतभोग तथा बसोबासको प्रमाणपत्र पनि गाविसबाट लिएका छन्।

**गहिरो बहस** : भूमि र कृषि सुधारबारे समुदाय, गाविस र जिल्लला तहमा नियमित बहस भइरहेको छ। स्थानीय मुद्दामा भएको बहस नीतिगत तहसम्म जोडिएका छन्। सरकारले ल्याएका नीतिबारे छलफल हुने र सुझाव दिने क्रम बढेको छ भने समुदाय तहमा देखिएका मुद्दा तत्काल नीतिगत तहमा पुऱ्याइएको छ। गाविस तहमा भूमि समिति बनाइएका छन्। र, स्थानीय भूमि नीति तय गरिएका छन्।

**अगुवा निर्माण** : भूमि र कृषि सुधारबारे अभ्यास गर्न ५ गाविसमा मात्र ११० भन्दा बढी सामुदायिक अगुवा तयार भएका छन्। यस क्रममा उनीहरू स्वयम् अभ्यास पनि गरिरहेका छन्। र, अनुभव र सिकाइ बाँडी पनि रहेका छन्।

**बाँझो र प्रयोगहीन जग्गाको उपयोग** : प्रयोगहीन कृषियोग्य जग्गादेखि सामुदायिक वनका खाली क्षेत्र समुदाय र गाविस तहमा छलफल गरी अति गरिब परिवारले सामूहिक व्यवस्थापनमा तर व्यक्तिगततवरले जग्गा छुट्याई खेती गरिरहेका छन्। यसरी खेती गरेको जग्गा १७० विगाह छ। जसमा ३३४ परिवार भूमिहीन तथा मोही सामेल छन्।

**भूमि सुधारको पहल :** सुकुम्बासी कति छन् ? उनीहरूलाई जग्गा कसरी दिने ? लगत कसरी तयार पार्ने र छलफल चलाउने ? मोहीयानी हक नपाएकालाई कसरी न्याय दिने ? भूउपयोगसम्बन्धी सरकारले बनाएको नीति कसरी लागु गर्न सकिएला ? जस्ता भूमि अधिकारका विषयमा व्यापक छलफल भई त्यसका विकल्प तय गरी कार्यान्वयनसम्म गरिएको छ। खेती गर्दा सबै किसानले एउटै बीउ र बाली लगाउने, मल बीउ एकै पटक खरिद गर्ने, सिँचाई एकै मेलो लगाउने आदि असल कार्य पनि सुरु गरिएको छ।

## चिटिक्क चक्लावन्दी

पहिले पहिले खेतीपातीमा एक्लै जस्तो हुन्थ्यौं, खेतीपाती गर्न गाह्रो हुन्थ्यो। छिमेकी दाइ/काका पनि त्यस्तै ठान्थे। आ-आफ्नो जमिनको साँध सिमानामा कित्ताकाट थियो। बाटो र एक इन्ची जमिनको पनि हिसाबकिताब हुन्थ्यो। जमिनभन्दा पनि जोताहाको मन भाँचिएको थियो। धेरै लामो अभ्यास र आपसी अध्ययनपछि चक्लाबन्दीको नयाँ उपाय आयो। हामीले चक्लाको नक्सा बनायौं। त्यसमा सबै दाजुभाइ र काका भतिजाको जमिन परेको छ। नक्शाङ्कनले हाम्रा जमिनको अवस्थाबारे अझै बढी जानकारी भयो। हामी मिलेर सिँचाइ, बाटो, व्यावसायिक तथा उन्नत अर्गानिक बाली उत्पादनको योजना बनायौं। हाम्रो खेती योजनामा सिँचाइलगायत प्रविधिहरूको सहयोग प्राप्त भएको छ। काम गर्न धेरै गाह्रो हुँदैन। जग्गा जमिनमा गाईवस्तु पनि छाडा नराख्ने बनायौँ। सबैलाई फाइदा भएको छ। जमिनको चक्ला भनेको मन र आपसी सम्बन्धको चक्ला रहेछ। मनको चक्ला बलियो सम्बन्धको जग पनि हो। एकबाट दुई, दुईबाट चार हुँदै चक्ला क्षेत्र पनि विस्तार हुँदैछ। यो प्रक्रियाले अभ्यासकर्ता किसानमा चक्लाबन्दी अभ्यासमा सामुदायिक प्रोत्साहन बढेर जाँदैछ। पहाडी आवादी जमिनको भूबनोटअनुसार स-सानो एवम् चिटिक्क परेका कृषि खेतीपातीका चक्ला क्षेत्र निर्माण हुन थालेका छन्।

(सिन्धुपाल्चोकको राम्चेमा गरिएको अभ्यासको अनुभव)

## मोहीले बनाए मलिलो भूमि

२०६५ को परिवेश अध्ययनले राम्चेमा जम्मा ७८ मोही परिवार पहिचान भयो। स्थानीय तहमा मोही परिवारको जोताहा हैसियतको सामुदायिक विश्लेषण हुँदै गयो। स्वेच्छाले अरूको जमिन कमाइदिएका बाहेक हाल ३९ मोही परिवार कायम भएको छ। जसमध्ये १७ परिवारले लगत प्रमाणका लागि गाविसमा निवेदन दर्ता गराइसकेका छन्। ५ मोही परिवारले हकदावीसहित जिल्ला मालपोत कार्यालयमा मुद्दा हालिएकामध्ये २ मोही किसानले मोहियानी हक पाए। साहूकै जमिनमा भए पनि बगर खने, जमिन सम्याए, मल जल गरे, सिँचाइ ल्याए, जमिन मलिलो बनाए, व्यावसायिक तरकारी खेती गरे। मोही लागेकै जमिनमा पनि खेतीपातीको सुधारबाट जोताहा हैसियत बढ्दैछ। युगौंदेखिको भूदाशता तोडिने क्रम समुदाय आफैँबाट अगाडि बढेको छ।

## गुठीको गुनिलो भूमि

गुठी जमिन रैकर बनाउँदा कसैलाई पनि नोक्सान भएन। ४१ किसान परिवार गुठी मुक्त भए पनि बाँकी २४ परिवार अझै प्रभावित छन्। गाउँ भूमि अधिकार मञ्चमार्फत गुठी संस्थानबाट हक छुटाइ जोताहा हक कायम गर्ने प्रक्रिया अगाडि बढाएका छन्। २४ परिवारले मालपोतमा निवेदन दर्ता गरे।

## १०१ ले बनाए संयुक्त पुर्जा

पति-पत्नीबीच समान अस्तित्व र पहिचान स्वीकार्नेले मात्र संयुक्त पुर्जा दर्ता गर्ने गर्छन्। संयुक्त पुर्जा दर्ता गरेपछि आपसी शङ्का र अविश्वासको कालो बादल हटेर जान्छ। सिङ्गो परिवार नै सुखी र खुसी हुन्छ। आपसी सहयोग, सद्भाव, समझदारी र प्रेमको उज्यालोले पारिवारिक जीवनमा घाम लाग्छ। रु. १०० राजस्व बुझाएर संयुक्त पुर्जा बनाउने मान्यता स्थापित भएपछि १०१ दम्पतीको संयुक्त लालपुर्जा दर्ता भएको छ। पारिवारिक सामाजिक रूपान्तरणको शक्ति दोब्बर भएर जाँदैछ।

## सुकुम्बासी व्यवस्थापन

राम्चेमा जम्माजम्मी ११ परिवार सुकुम्बासी भेटियो। प्रकृतिअनुसार सुकुम्बासी समस्या हल हुँदै गएका छन्। सुकुमाया थामी ३६ वर्षपछि श्रीमान्को घर गइन्। अर्का वृद्ध सुकुम्बासी तुलसीमान श्रेष्ठको दम्पती भान्जाको घरमा सहजरूपमा बसेका छन्। भोटे थामी भरिया मजदुर हुन्। उनी आफू सुकुम्बासी भएकामा कुनै दुखेसो राख्दैनन्। बजारमा भारी बोकेर दैनिक पारिश्रमिक कमाइ गरेर गुजारा चलाउनमै खुसी देखिन्छन्। अर्का सुकुम्बासी गणेशमान थामी घर बनाउने मजदुर हुन्। त्यसैबाट परिवार धान्न सकेकामा खुसी नै छन्।



शिव नेपाल छोराको कमाइमा काठमाडौं बसाइँ सरिसके । देवा श्रेष्ठ र बुद्धिमान थामीले खान पुग्ने जमिनका लागि आयोगमा निवेदन हालेका छन् । कमली थामी छुट दर्ता कायम भएपछि जग्गाधनी बनिन् । गङ्गाबहादुर थामी खेती मजदुर हुन् । उनी आफूलाई पायक पर्ने सार्वजनिक एवम् ऐलानी जमिनको खोजीमा छन् । उनको मागप्रति स्थानीय निकाय सकारात्मक छन् ।

## गङ्गापरस्पुरको अभ्यास र सफलता

गङ्गापरस्पुरमा भएको मुख्य प्रयासमा ऐलानी जग्गा उपयोग हो । नदी उकास, बगर क्षेत्र, गौचरण तथा ऐलानी पर्ति २७७ विघा जमिन उपयोगमा ल्याइएको छ । २४७ परिवारले बाँझो र प्रयोगहीन जग्गालाई उपयोगमा ल्याई खाद्य उत्पादन बढाइरहेका छन् । सधैँ मजदुरी गरी जीविका चलाउनुपर्ने बाध्यता बोकेका भूमिहीन सुकुम्बासी परिवारको अहिले सोही जग्गाबाट ५ महिनालाई खानपुग्ने अन्न उत्पादन हुन्छ ।

यसपछि भूमिहीन सुकुम्बासी बसोबास गरेको आधारमा प्रमाणपत्र लिने अभियान पनि चलाइयो । गाविसबाट लिनुपर्ने आधारपत्रका लागि पहिलोपटक २०६६ मा ७२३ परिवारको निवेदन पेश गरियो । पटकपटक ताकेता गरेपछि राजनीतिक दल, स्थानीय सरोकारवाला, गाविस सचिव र भूमि अधिकार मञ्चका प्रतिनिधि रहेको १९ सदस्यीय छानबिन समिति बन्यो । छानबिनका लागि आवश्यक पर्ने ४५ हजार रूपियाँ बजेट गाविसले नै छुट्यायो । पटकपटक पहल गरी हालसम्म २०२४ भूमिहीन सुकुम्बासी परिवारले बसोबासको आधार प्रमाणपत्र प्राप्त गरेका छन् ।

## महोत्तरीको अभ्यास र सफलता

भूमि अधिकार मञ्चको सहजीकरणमा २०६६ सालदेखि महोत्तरीको लक्ष्मीनियाँ गाविसमा सामुदायिक भूमि सुधार अभ्यास सुरु भयो। लक्ष्मीनियाँमा गाविसस्तरीय सर्वपक्षीय बैठक राखी अभ्यासका लागि सञ्जाल गठन गरियो। सञ्जालमा राजनीतिक दलका प्रतिनिधि पनि सहभागी भए।

सञ्जालका सदस्यको सहभागितामा टोल र वडा तहको सामाजिक तथा स्रोत नक्सा तयार गरियो। यसबाट अवस्था विश्लेषण र सवाल पहिचान गर्न सहज भयो। जग्गा नहुनेहरू खेतीको मौसममा अरूको खेतमा मजदूरी गर्ने र बाँकी समय खोलामा गिट्टी कुट्ने,बालुवा चाल्ने, पुरुष जति प्रायः मजदूरीका लागि भारत जाने र कमाई गरी जीविका चलाउने गर्थे।

तिनलाई खेती गर्ने जग्गा उपलब्ध गराउने विकल्पमा छलफल हुन थाल्यो। लक्ष्मीनियाँ–१ र ३ वडामा पर्ने ३ विघा १५ कठ्ठा जमिन नदी उकासको भेटियो। उक्त जग्गा उपयोगमा ल्याउनका लागि २०६८ वैशाख १८ गते लक्ष्मीनियाँ-१ थापा टोलमा सर्वदलीय भेला आयोजना भयो। भेलाले कोपिला भूमि अधिकार मञ्च र विकास भूमि अधिकार मञ्चमा सङ्गठित २९ परिवार भूमिहीनलाई उक्त जग्गा खेतीपातीका लागि वितरण गर्ने निर्णय गर्‍यो।

मडाहा खोलाको नदी उकासको उक्त बाँझो जमिन काँसघारीले भरिएको थियो। यसलाई उपयोगमा ल्याउन मात्रै १४ घण्टा ट्याक्टरले जोत्नुपरेको थियो। सबै मिली सामूहिकरूपमा त्यस भूमिको संरक्षण गरे। त्यसमा मकै खेती गरे। उनीहरूले ९० क्विन्टल मकै फलाए। सबैले मकै भाग लगाए र भकारी मकैले भरे।

स्थानीय सरकोकारवाला निकायहरू पनि उनीहरूको मेहनत देखेर चकित भए। हामी सहयोग र साथ दिन्छौं भन्न थाले। भूमि सुधार अभ्यासमा लागेका २९ सुकुम्बासी परिवारले पनि भूमि अधिकार मञ्चको पहलमा प्रतिपरिवार ३ कठ्ठा १० धुरको दरले नदी उकास जमिनमा खेती गरिरहेका छन्। उनीहरूले गाविसको कार्यालयबाट जोतभोगको आधारपत्र प्राप्त गरेका छन्। खेतीबाट ६ देखि ९ महिनासम्म खान पुग्ने अन्न उत्पादन गर्न सक्ने भएका छन्। सामुदायिक भूमि सुधार अभ्यासमा स्थानीय समुदाय र सरोकारवाला निकायबीचको सम्बन्ध विस्तार भई भू-उपयोग, भूमि अधिकार र कृषि सुधारको पाटोमा सहजता आएको छ। साथै यो अभ्यासपछि भूमिहीनहरूको दैनिकीमा समेत परिवर्तन आएको छ।

## सहारेको प्रयास

जिल्ला भूमि अधिकार मञ्चको अगुवाईमा २०६९ मा सहारे गाविसमा भू-स्वामित्व र उपयोगसम्बन्धी अध्ययन भयो। अध्ययनका क्रममा ७ हजार ७ सय ७५ रोपनी क्षेत्रफल जमिन जोत्नेको नाममा नभएको देखियो। १० प्रतिशत जमिन बाँझो खेर गइरहेको पाइयो। प्राकृतिक मूल, झरना, वन संरक्षणमा कमी भएको पनि अध्ययनमा पाइयो।

रामकुमारी ओलीको संयोजकत्वमा सामुदायिक भूमि तथा कृषि सुधार मूल समिति गठन भएको छ। परिवेशअनुसार जमिनको वर्गीकरण गरी व्यावसायिक खेती गर्ने, वन, पानीका मूल, झरनाको संरक्षण गर्ने, स्थानीय उत्पादनको प्रचारप्रसार र बजारीकरणका लागि होमस्टे सञ्चालन गर्ने योजना बनेको छ।






अभ्यास र कार्यान्वयन फ्रेमवर्क